# <u>तेश्रो अन्तराष्ट्रिय तामाङ सम्मेलन २०१३ को सन्दर्भमा</u>

## <u>तामाङ पहिचान तथा जातीय सम्मानका लागि सांस्कृतिक पुनर्जागरण तथा पुर्नस्थापनार्थ १५ वर्षे अभियानमूलक दीर्घकालिन रणनीतिक योजना</u>

*श्री डा.संगाम सिंह तामाङ, (नेपाल)*

### १. पृष्ठभूमि/विषय प्रवेशः

१.१ सन् २००२ को डिसेम्वरमा प्रथम अन्तराष्ट्रिय तामाङ सम्मेलन काठमाण्डौमा सम्पन्न । यो सम्मेलनवाट तामाङ जातिको स्व-विकासको अवधारणा पारित र अन्तराष्ट्रिय तामाङ परिषद गठन ।

१.२ सन् २००५ को डिसेम्वरमा दोश्रो अन्तराष्ट्रिय तामाङ सम्मेलन पश्चिम बंगालको दार्जलिङ, भारतमा सम्पन्न । यो दोश्रो सम्मेलनले तामाङ जातिको इतिहासमा सवै तामाङ समुदायलाई संगठित गर्दै तामाङ समुदायको विकास एवम सशक्तिकारणको लागि २० वर्षे विकास योजनाको अवधारणा पारित । यस सम्मेलनले विश्वभरीका तामाङ समुदायका लागि तामाङ विकास कोषको स्थापना, शब्दकोष निर्माण र साझा मान्यताको विकास गर्ने सन्देश दिएको ।

१.३ यहि १६-१८ मार्च २०१३ मा तेश्रो अन्तराष्ट्रिय तामाङ सम्मेलन काठमाण्डौमा सम्पन्न । विश्वभरी रहेका तामाङ समुदायलाई संगठित गरी आफ्नो पहिचान, संस्कार सस्कृति एवम् सभ्यतालाई प्रवर्द्धन एवम् सम्वर्द्धन गरी तामाङ समुदायलाई एक ढिक्का बनाई विकास एवम् अग्रगमनको वाटोमा हिड्न प्रेरित गराउने उद्देश्य यस अन्तराष्ट्रिय तामाङ सम्मेलनले लिएको ।

### २. यो कार्यपत्रको उद्धेश्यः

तामाङहरु हरेक मुलुकको स्व-शासित एवं सम-न्यायिक साझेदार जाति भएकोले राज्यको हरेक तहमा उसको जनसंख्याको समानुपातिक प्रतिनिधित्व भई सोही अनुसारको भूमिका खेल्न पाउनु पर्दछ । त्यसैले तामाङ समुदायले ऐतिहासिक काल देखि भोग्दै आएको सामन्ति शासन, सामाजिक र सँास्कृतिक दमनलाई परास्त गर्दै आफ्नो पहिचान र प्रतिष्ठालाई उठाउनु हाम्रो लक्ष्य हो । विश्व मानव अधिकार घोषणापत्र तथा विभिन्न सन्धि-महासन्धिहरुले पनि सबै मानव जन्मबाट स्वतन्त्र एवं समान हुन्छन् र उनीहरु सबैले प्रतिष्ठापूर्वक जीवन विताउन पाउने अधिकार निहित हुन्छ भनि उल्लेख गरेको छ । त्यसैले हामी तामाङहरुले पनि आफ्नो पहिचान, सस्कृति, भाषा, ज्ञान, बिज्ञान, दर्शन,

धर्म आदिलाई स्वतन्त्रपूर्वक अपनाई व्यक्तिगत र सामुहिक रुपमा स्वतन्त्र, शान्ति एवं सुरक्षापूर्वक बसोबास गर्ने अधिकार छ ।

तदनुरुप तामाङ समुदाय आफु विश्वको जुनसकै ठाउँमा बसे पनि आफ्नो जातीय, धार्मिक, सामाजिक-साँस्कृतिक, भाषिक अधिकारको व्यक्तिगत तथा सामुहिक उपभोग गरी स्वतन्त्र रुपमा बसोबास एवं जीवन निर्वाह गर्न पाउने अधिकार छ । यो अधिकारलाई प्राप्त गर्न हाम्रो सँस्कार सँस्कृतिलाई पुनःजागरण तथा पुर्नस्थापनाको अभियान थाल्नु आजको आवश्यकता हो ।

यसका साथै तामाङ को हुन, हाम्रो पहिचान के हो, हामी आत्म-सम्मान, जातीय पहिचान सहित किन बाँच्न पाउनु पर्छ र राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा हाम्रो पहिचानको लागि दीर्घकालिन रणनीतिक योजना अन्तर्गत साँस्कृतिक पुर्नजागरण र पुर्नस्थापनाको अभियान चलाउन के गर्नु पर्छ भन्ने कुरा स्पष्ट पार्नु यस कार्यपत्रको उद्धेश्य हो ।

## ३. तामाङ को हुन् ?

हामी तामाङहरु मुख्यतय तामाङ भाषा बोल्ने र बौद्ध धर्म मान्ने हिमालय पर्वतका मध्यवर्ती भागको एक मुख्य आदिवासी जनजाति हौं । अहिलेको आधुनिक राज्य निर्माणपुर्व यस क्षेत्रमा तामाङहरुको स्वशासित गणराज्यहरु थिए । त्यसैले हामी तामाङहरु गौरवशाली ईतिहास भएको, ईमान्दार र स्वाभिमानी जाति हौँ जहाँ मानवीय, प्राकृतिक एवम् आध्यात्मिक पक्षहरुसंग आफ्नो भूमिको गहिरो सम्वन्ध रहेको छ, जहां बौद्ध धर्म, बोन्बोवाद र ताम्बावादको अपूर्व समिश्रणवाट हाम्रो संस्कार, संस्कृति, भाषा, लिपि, कला, सभ्यता एवम् सम्पदा चलेको हुन्छ, जसले तामाङ महिलालाई उच्च एवम् सम्मानित स्थानमा राखेको हुन्छ र सेलो, डम्फु र टुङनाको गीत संगीतलाई आफ्नो संस्कृति र पहिचानको अभिन्न अँग मान्नुको साथै यसलाई आफ्नो सौन्दर्यवोधको अभिव्यक्ति भएको तथ्य प्रति गर्व गर्दछ ।

त्यस्तै गरी हामी तामाङहरु ज्याम्पाल्याङ (महामन्जुश्री) को सन्तान हौं जो काठमाण्डौं (याम्बु) मा आगमन गर्ने पहिलो मंगोल मूलका मानव समुदाय हन जसले मन्जुश्री संम्वतलाई मानी चन्द्र पात्रोमा विश्वास गर्दछन् र सोही अनुरुप चन्द्र वर्षको पहिलो महिनाको पहिलो दिन चन्द्र नयाँ वर्ष आरम्भ हने दिनलाई ***ल्होछार*** वा नयाँ वर्ष मान्दछ ।

## ४. तामाङको समग्र विकासमा देखिएका प्रमुख समस्याहरुः

४.१ दक्षिण एशियामै लामो समयदेखि जातीय, वर्गीय, भाषिक, धार्मिक, सांस्कृतिक एवम लैङ्गिक विभेद र उत्पीडन हुदै आएको छ । नेपालको सन्दर्भमा पनि सदियौं देखि तामाङ

समुदायलाई विभिन्न खाले विभेद गरी ब्राम्हणवादी सोच र हिन्दु वर्णाश्रम अनुसार विभाजित उच्च र नीच जातको साम्प्रदायिक रुपबाट हेर्ने र बुझ्नुका साथै जातीय, भाषिक-साँस्कृतिक पहिचानको मागलाई नै जातीय साम्प्रदायिकताको विल्ला भिराएर भ्रम फैलाई विरोधका लागि विरोध गर्ने प्रवृति देखा परेको छ, जुन हामी तामाङको समग्र विकासमा देखिएको प्रमुख समस्या हो ।

४.२ देशमा धर्म निरपेक्ष राज्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भए पनि सो अनुसारको राज्य संरचना निर्माण र शासन प्रणाली स्थापना भइ नसक्नु ।

४.३ सङ्घीयता र पहिचान विरुद्ध चलखेल बड्दै जानु, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्वीकार गरेका दल तथा नेताहरुले पनि स्ङघीयता, पहिचान र धर्म निरपेक्षता माथि प्रश्न गर्न थाल्नु र नाम मात्रको सङ्घीयताको वकालत गर्नु । त्यसैले आदिवासी जनजाति, उपेक्षित जाति, क्षेत्र र भाषिक समुदायले चाहेको आत्म-निर्णयको अधिकार, जातीय स्वशासनमा आधारित पहिचानसहितको सङ्घीय संरचना संविधान सभाको अवशानले धरापमा परेको छ ।

४.४ तामाङ जातिको इतिहास, ज्ञान, बिज्ञान, दर्शन, सँस्कार-सँस्कृति र पहिचान सम्बन्धि विभिन्न भ्रम तथा मिथ्यांकहरु फैलाएको ।

**५. विश्वका केही देशहरुको संविधानमा रहेका साँस्कृतिक, भाषिक, धार्मिक तथा शैक्षिक अधिकारहरुको वारेमा छोटो विवेचनाः**

### ५.१ श्रीलंका

श्रीलंकाको संविधान १९७८ को धारा १० मा प्रत्येक नागरिकलाई आफुले चाहेको धर्म स्वतन्त्र रुपले मान्न पाउने अधिकार छ भनि उल्लेख गरेकोछ भने धारा १८ मा सिन्हाला र तमिल भाषालाई राष्टिय भाषाको रुपमा प्रयोग गरिने उल्लेख गएिको छ ।

### ५.२ भारत

भारतको संविधानको ६ वटा मौलिक अधिकारहरु मध्ये सांस्कृतिक तथा शैक्षिक अधिकारलाई एक प्रमुख अधिकारको रुपमा उल्लेख गरेको छ । यस अनुसार प्रत्येक नागरिक जसको आफ्नै छुट्टै भाषा, लिपि तथा संस्कृति छ त्यसको प्रवर्द्धन र विकास गर्न पाउने छ भनि संविधानमा उल्लेख गरेको छ । त्यस्तै गरी प्रत्येक अल्पसंख्यक समुदायले आफ्नो धर्म तथा संस्कृति अनुसार शैक्षिक संस्थाहरु स्थापना गर्ने र सोही बमोजिम शिक्षा ग्रहण गर्न पाउने प्रावधान संविधानमा लेखेको छ ।

## ५.३ थाईल्याण्ड

थाई संविधानले प्रत्येक नागरिकको मानव अधिकार र सांस्कृतिक विविधतालाई एक अर्काको परिपुरक छन् भनेर भनेको छ । यी दुवै प्राप्त गर्नको लागि जनता जनता विच विश्वास, संवाद र सद्भावको आवश्यकता रहन्छ भनेको छ । त्यस्तै थाई संविधान को धारा ३७ ले प्रत्येक नागरिकले आफ्नो ईच्छा अनुसारको धर्म तथा संस्कृति मान्न स्वतन्त्र रहेको उल्लेख छ ।

## ५.४ चीन

चीनको संविधानको धारा ३६ मा प्रत्येक चिनिया जनता आफ्नो ईच्छा अनुसारको धर्म मान्न पाउनेछन्, धर्म तथा संस्कृतिको नाममा कुनै प्रकारको भेदभाव गरिने छैन् र संविधानमा राज्यले जनताको स्वतन्त्र रुपमा आफुले चाहेको धर्म मान्न पाउने अधिकारको सुरक्षित गर्दछ भनिएको छ ।

# ६. विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून, सन्धि एवम् महासन्धिहरुमा धर्म निरपेक्षता तथा सांस्कृतिक अधिकारको पक्षमा भएको संवैधानिक तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरुको समिक्षाः

## ६.१ अन्तराष्ट्रिय कानुनी प्रावधानः

६.१.१ मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा १८ ले प्रत्येक व्यक्तिलाई विचार, चेतना र धर्मको स्वतन्त्रताको अधिकार छ । यस भित्र व्यक्तिलाई धर्म र आस्था बदल्ने स्वतन्त्रता रहन्छ, व्यक्तिगत वा सार्वजनिक रुपमा एक्लै वा समूहमा आफ्नो धर्म वा आस्थालाई शिक्षा, आचरण, पूजा, अभ्यास आदिद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अधिकारमा समावेश गरिएको छ ।

६.१.२ नागरिक तथा राजनीतिक अधिकारको अन्तराष्ट्रिय अनुबन्ध १९६६ को धारा १८ को उपधारा १ ले विचार एवं धर्मको स्वतन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ भनिएको छ । यस अधिकार भित्र आफ्नो छनौटको धर्म वा आस्था राख्ने वा ग्रहण गर्ने वा नगर्ने स्वतन्त्रता तथा व्यक्तिगत रुपमा वा अरु व्यक्तिसँग तथा सार्वजनिक वा गोप्य रुपमा आफ्नो आस्था वा धर्म पूजा अभ्यास तथा प्रशिक्षण प्रकट गर्ने स्वतन्त्रता समावेश हुनेछ भनिएको छ । सोही अनुबन्धको उपधारा २ ले आफूले रोजेको धर्म वा आस्था राख्ने वा ग्रहण गर्ने स्वतन्त्रतालाई बाधा पर्ने गरी कुनै व्यक्तिलाई जबरजस्ती गरिने छैन भनिएको छ ।

६.१.३ अन्तराष्ट्रिय श्रम संगठन (ILO) महासन्धि नं. १६९ को धारा ७.३ ले सरकारद्वारा सम्वन्धित समुहका लागि गरिने योजनावद्ध विकास गतिविधिहरुका सामाजिक, आध्यात्मिक, सांस्कृतिक तथा वातावरणीय असरहरुको मूल्याङ्कनका लागि आवश्यक अध्ययनहरु गरिँदा यी समूहहरुको सहयोगमा गरिने कुरा सुनिश्चित गरिनु पर्दछ । सरकारले गर्नु पर्ने विकासको गतिविधिमा आदिवासी जनजातिहरुले मान्दै आएको धर्म चिन्तन आदिलाई असर नपरोस भनि ख्याल गर्नु पर्दछ भन्ने प्रावधान पनि रहेको छ । यसको साथै यस महासन्धि नं. १६९ ले संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास योजना निर्माणको सन्दर्भमा पनि विभिन्न प्रावधानहरुको ब्यवस्था गरेको छ जस अनुसार आदिवासी जनजातिहरुको सांस्कृतिक अधिकारलाई प्रवर्द्धन गर्ने, उनीहरुको संस्कृतिको सुरक्षाको लागि विशेष उपायहरु पारित गर्ने, उनीहरुको सांस्कृतिक मूल्य मान्यतालाई संरक्षण गर्ने, आदिवासी जनजातिहरुलाई दण्ड सजाय लागु गर्दा उनीहरुको सांस्कृतिक विशिष्टताहरुलाई ध्यान दिने आदि उल्लेख रहेको छ ।

त्यसै गरी अन्तराष्ट्रिय श्रम संगठन (ILO) महासन्धि नं.१६९ को २६ देखि ३१ सम्मको धाराहरु भाषा, शिक्षा, र संचार माध्यमसँग सम्बधित छन् । तदनुरुप आदिवासी जनजातिहरुलाई शिक्षाको सबै तहमा समान अवसरहरु प्रदान गर्ने दायित्व राज्यको हुने, राज्यले शैक्षिक कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गर्दा आदिवासीहरुको ऐतिहासिक पृष्ठभूमि, सामाजिक, आर्थिक तथा साँस्कृतिक चाहनाहरुलाई समावेश गर्नु पर्ने, समुदायलाई जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यले शैक्षिक तालिम र कार्यक्रम निर्माणमा संलग्न गराउने, बालबालिकाहरुलाई मातृभाषामा शिक्षा दिने व्यवस्था मिलाउने आदि महासन्धिमा उल्लेख गरेको छ ।

त्यस्तै यस महासन्धिको नं. १६९ धारा २८ (२) र २८ (३) मा भाषा सम्वन्धि व्यवस्था गरेको छ, जस अनुसार आदिवासी समुदायका मातृभाषाहरुको विकास र अभ्यासलाई संरक्षण एवम् सम्वर्द्धन गर्ने उचित व्यवस्था मिलाउनु पर्ने प्रावधान रहेको छ ।

६.१.४ आदिवासी जनजातिको अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र (UNDRIP) को परिशिष्टमा नै राष्ट्रिय सम्पत्ति वा जातिगत, धार्मिक, जातीय वा सांस्कृतिक भिन्नताका आधारमा मानवहरु वा व्यक्ति-व्यक्तिको उच्चतामा आधारित वा त्यसको पृष्ठपोषण गर्ने सिद्धान्त, नीति तथा प्रचलनहरु जातिवादी, अवैज्ञानिक, कानुनी रुपमा अवैध, नैतिक रुपमा निन्दनीय तथा सामाजिक रुपमा अन्यायपूर्ण छन् भन्ने कुरा ठहर गर्दै यसको धारा १२ ले आदिवासी जनजातिको आफ्नो आध्यात्मिक, धार्मिक परम्परा, प्रचलन तथा उत्सवहरु मान्ने, प्रदर्शन गर्ने, विकास गर्ने अधिकार, आफ्नो धार्मिक तथा सांस्कृतिक स्थलहरुको संरक्षण एवम् मर्मत संम्भार गर्ने तथा ती स्थलहरुमा

पहुंच प्राप्त गर्ने अधिकार, आफ्नो परम्परागत वस्तुहरुको प्रयोग तथा नियन्त्रण गर्ने अधिकार र आफ्ना मानव अवशेषहरु स्वदेश फर्काउन पाउने अधिकार छ भनिएको छ ।

अन्तराष्ट्रिय श्रम संगठन (ILO) महासन्धि नं.१६९ को धारा ७ (१) र UNDRIP को धारा २५, २६ र २७ मा सरकारले सम्वन्धित समुहको संस्कृति तथा आध्यात्मिक मुल्य मान्यता संग विशेष महत्व राख्ने वा अन्य किसिमले प्रयोग गरेको भुमिसंगको सम्वन्धलाई सम्मान गर्न पर्ने व्यवस्था गरेको छ । यस व्यवस्थाले खासगरी आदिवासीहरुको सामुहिक भूमिको अधिकारलाई सम्मान गर्न पर्ने दायित्व राज्यको हनेछ भनिएको छ । तर नेपालको सन्दर्भमा अहिले सम्म आदिवासी समुदायको भूमि माथी हुने सामुहिक अधिकारलाई मान्यता दिएको छैन् ।

त्यसैगरी यही घोषणा पत्रको धारा १६ मा संचार सम्वन्धि व्यवस्था गरेको छ जस अनुसार आदिवासीको मातृभाषामा संचार माध्यम स्थापना गर्न पाउने र विना कुनै भेदभाव सवै प्रकारका गैर आदिवासी संचार माध्यममा पहुंच प्राप्त गर्ने हक आदिवासीहरुलाई हुने, सांस्कृतिक विविधतायुक्त मुलुकका सरकारी संचार माध्यममा उचित मात्रामा आदिवासी सस्कृति प्रतिविम्वित गर्नु पर्ने, कुनै पूर्वाग्रह नराखी आदिवासीको साँस्कृतिक विविधतालाई पर्याप्त मात्रामा प्रतिविम्वित गर्न निजी संचार माध्यमलाई प्रोत्साहन गर्नु पर्ने व्यवस्था गरेको छ ।

६.१.५ नेपालको सन्दर्भमा धार्मिक स्वतन्त्रता तथा साँस्कृतिक अधिकारः नेपालको अन्तरिम संविधान २०६३ को धारा ३ मा नेपाललाई बहु-जातीय, बहु-भाषिक, बहु-धार्मिक, बहु-सांस्कृतिक विशेषतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्नुको साथै भाषिक समानतालाई मौलिक हकको रुपमा धारा १३ (२) र १३ (३) मा व्यवस्था गएिको छ । त्यस्तै यसको धारा ५ (१) ले नेपालमा वोलिने सवै मातृभाषाहरु राष्ट्र भाषा हुन भनेर समान तहको व्यवस्था गरिएको छ । त्यस्तै धारा ५ (१) मा स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै वाधा पुचाएको मानिने छैन् भनिएको छ ।

धर्म निरपेक्षताको सिद्धान्तले धर्मलाई राज्यको खटनपटन तथा एकाधिकारवाट छुट्याई नागरिकलाई स्वतन्त्रतापूर्वक ग्रहण गर्न दिइन्छ वा भनौ धर्मलाई राज्यद्धारा नियन्त्रण गर्ने विषय नबनाई व्यक्तिगत रुपमा सवै नागरिकलाई आफ्नो ईच्छा वा चाहना अनुरुप यसलाई ग्रहण गर्ने वा नगर्ने धार्मिक स्वतन्त्रताको अधिकारमा निहित रहन्छ । नेपालको सन्दर्भमा अन्तरिम संविधान २०६३ को धारा २३ को उपधारा १ मा "प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वकाल देखि चलि आएको आफ्नो धर्म संस्कारको अवलम्वन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ" भनि लेखिएको छ ।

धर्म, पहिचान र संस्कृति एक अर्का संग गांसिएका हुन्छन, एक विना अर्को चल्न सक्दैन । धर्मले जीवन पद्धति र सांसारिक नियमको व्याख्या गर्दछ भने सोही नियमलाई एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण तथा अनुसरण गर्दै जादा संस्कृतिको रुपमा विकास हुदै गएको पाईन्छ । यही संस्कृति नै कालान्तरमा गएर  व्यक्ति, समुदाय वा सम्प्रदायको अभिन्न अंग वा पहिचान बन्न पुग्दछ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ (३) मा "नेपालमा वसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण एवम् सम्वर्द्धन गर्ने हक हुनेछ" भनी मौलिक हकको रुपमा स्थापित गरको छ । त्यसैले धर्म निरपेक्षताको महत्व नागरिकको साँस्कृतिक हकसँग जोडिएको छ ।

**७. तामाङ  पहिचान, जातीय सम्मान र सांस्कृतिक अधिकार सम्पन्न समतामूलक समाज निर्माण गर्न १५ वर्षे अभियानमूलक दीर्घकालिन रणनीतिक योजनाः**

नेपालको सन्दर्भमा माथि उल्लेखित समस्याहरु समाधान गर्न राजनीतिक रुपले नै पहल कदमी गर्नु पर्दछ भने तामाङ समुदायको विकास गर्ने मूलभूत प्रश्न आत्मनिर्णयको अधिकार सहित जातीय, क्षेत्रीय स्वशासनको आधारमा पहिचान सहितको सङ्घीय राज्य संरचनाको निर्माण र राज्य सत्तामा समानुपातिक पहुँच र प्रतिनिधित्व नै तामाङ समुदायको केन्द्रीय विषय हो भने पहिचान त्यसको जग हो । यति भएमा हाम्रो सँस्कार सँस्कृति, भाषिक र राजनैतिक अधिकार सम्बन्धित धैरै अधिकार प्राप्त गर्न सकिन्छ ।

विश्वभरी छरिएर रहेका तामाङहरुलाई एकै ठाउमा गोलबन्द गर्दै आफ्नो हक अधिकार स्थापित गरी आफ्नो  पहिचान कायम गरी हाम्रो समग्र विकास एवम् सशक्तिकरण गर्नको लागि यो दीर्घकालिन रणनीतिक योजना तयार गर्न लागिएको हो । यही योजना अनुसार सम्पूर्ण तामाङ जातिको सार्वभौम पहिचान स्थापित गर्नको लागि तामाङ सांस्कृतिक पुनर्जागरण तथा पुर्नस्थापनार्थ अभियान चलाउन आवश्यक ठानी निम्न परिकल्पना, लक्ष्य, रणनीतिक दिशा निर्धारण, कार्ययोजना तथा कार्यक्रमहरु तय गरिएको छ ।

**७.१ परिकल्पना (Vision):**

विश्वभरी रहेका तामाङहरु आफ्नो पहिचान र जातिय सम्मान सहित स्वतन्त्र रुपमा बस्न सक्ने छन् ।

**७.२ लक्ष्य (Goal):**

समस्त तामाङहरुलाई सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक एवम् आर्थिक रुपले संगठित तथा सशक्तिकरण गरी आफ्नो सँस्कार-संस्कृति एवम् ऐतिहासिक सभ्यतालाई विकास तथा प्रवर्द्धन, सम्वर्द्धन र प्रचार-प्रसार गरी आफ्नो समुदायलाई विकास तथा अग्रगमनको बाटोमा लाने छन् ।

**७.३ तामाङ समाजको वर्तमान अवस्थाको विश्लेषण:**

७.३.१ हिन्दु मान्यता, सँस्कार, धर्म, नीतिको अधिपात्य, राज्यको नीति, योजना, धर्म, भाषा, सँस्कृति, शिक्षा आदि हिन्दु अतिवादी सोचवाट परिचालित । ऐतिहासिक काल देखि नै गैरहिन्दु धर्म मान्ने विरुद्ध योजनाबद्ध विभेद, दमन, बहिष्करणमा पारेको र उनिहरुमा रहेको यथास्थितिवादी सोच ।

७.३.२ असमावेशी राष्ट्रिय नीति, संस्कार तथा कार्यक्रम ।

७.३.३ राज्यको निर्णायक तहमा तामाङ प्रतिनिधित्व नहुनु ।

७.३.४ तामाङ नेताहरु राजनीतिक रुपमा विभाजित भई तामाङ समुदायको लागि भन्दा दलिय स्वार्थको लागि केन्द्रित हुनु ।

७.३.५ राज्यद्वारा तामाङहरुलाई उचित शिक्षा प्राप्त गर्ने अवसरवाट वन्चित पारेको र फलस्वरुप उनीहरुले शिक्षाको महत्व नबुझ्नु ।

७.३.६ हामी आफैमा आफ्नो धर्म-सँस्कृति, भाषा, रहनसहन, सँस्कारप्रति ज्ञान तथा चेतनाको कमी ।

**७.४ रणनीतिक दिशा निर्धारण:**

७.४.१ अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासी जनजातिको अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र (UNDRIP) मा उल्लेखित प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन को लागि कृयाशिल रहने ।

**७.४.२** नेपालको सन्दर्भमा तामाङहरुलाई राष्ट्रिय राजनीतिको निर्णायक तहमा पहुँच पुचाउने जसको लागि तामाङ राजनीतिकर्मीहरुका बीच संस्थागत/कार्यगत एकता कायम गरी जातिय मूक्तिको लागि संगठित हुदै जाने ।

७.४.३ छिमेकी देशहरुमा तथा अन्य ठाउँमा रहेका तामाङ समुदायले पनि आफुले पाउनु पर्ने अधिकार प्राप्त गर्न संगठित भै अघि बढ्ने ।

७.४.४ तामाङहरुको आर्थिक सशक्तिकरणमा जोड दिदै आफ्नो संघ संगठनहरु विस्तार गर्दै जाने ।

७.४.५ सर्वसुलभ शिक्षाका साथै मातृभाषामा शिक्षाको व्यवस्था गर्न जनचेतना वृद्धि गर्दै जाने ।

७.४.६ तामाङ समाजको मौलिक सांस्कृतिक परम्परामा भित्रिएका विकृति एवम् विसंगतिहरु लाई हटाई हाम्रो आफ्नै परम्परा र सस्कृतिलाई जगेर्ना गर्न अभियान चलाई तामाङ समाजलाई सु-संस्कृत एवम् व्यवस्थित गर्दै जाने ।

७.४.७ तामाङ समाजको भाषा, लिपि, साहित्य, ज्ञान, बिज्ञान, कला, दर्शन, परम्परा तथा आदिवासी सीप, ज्ञान, धर्म, संस्कृतिको उचित अध्ययन अनुसन्धान गरी संरक्षण तथा संवर्द्धन गर्दै जाने ।

७.४.८ स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सांस्कृतिक समावेशीकरणको नीति अवलम्वन गर्दै जाने ।

**७.५ कार्ययोजना तथा कार्यक्रमः**

**७.५.१ शिक्षा, आर्थिक, महिला विकास, क्षमता विकास तथा मानव अधिकार सम्वन्धि अभियानहरुः**

**अन्तराष्ट्रियस्तरमाः**

७.५.१.१ अन्तराष्ट्रिय श्रम संगठन (ILO) महासन्धि नं. १६९ र आदिवासी जनजातिको अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र (UNDRIP) मा उल्लेखित प्रावधानहरुलाई व्यवहारमा लागु गराउन संगठित भएर पहल गर्ने ।

७.५.१.२ शिक्षा प्रभावकारी तवरवाट सिक्न र दीर्घकालिन सफलता हासिल गर्न मातृ भाषामा शिक्षाको महत्व माथि जनचेतना वृद्धि गर्न विश्वभरी नै पहल गर्ने ।

७.५.१.३ अन्तराष्ट्रिय समुदायले तामाङहरुको शिक्षामा पहुँच पुचाउन, असल प्रचलनहरु साटासाट गर्न द्विभाषिक शिक्षा तथा अन्तर सांस्कृतिक शिक्षाको विकास एवम् विस्तारमा सहयोग गर्ने ।

७.५.१.४ अन्तराष्ट्रिय संघ सस्था र उसका निकायहरुलाई तामाङहरुको दक्षता र क्षमता बढाउन सहकार्य गर्ने काममा प्रेरित गर्ने ।

**राष्ट्रियस्तरमाः**

७.५.१.५ महासन्धि नं १६९ र UNDRIP को प्रावधानहरुलाई तल्लो तहका जनतासामू पुचाई सचेतना फैलाई व्यवहारमा लागु गर्ने ।

७.५.१.६ राज्यको भेदभावपूर्ण कानुनहरुको समीक्षा गर्दै परम्परागत न्याय पद्धतिलाई राष्ट्रिय कानुनमा एकीकृत गर्न पहल गर्ने ।

७.५.१.७ सर्वसुलभ शिक्षाका साथै मातृभाषामा शिक्षाको व्यवस्था गर्न सो अनुसारको लिपिको विकास गरी पाठ्यक्रमको व्यवस्था, शिक्षक दरबन्दीको सृजना, पदपूर्ति एवम् भौतिक पूर्वाधारको निर्माण गर्ने ।

७.५.१.८ तामाङ समुदायको अधिकारको संरक्षण एवंम् प्रवर्द्धन गर्न सरकारले आवश्यक संयन्त्र बनाउन सहयोग पुचाउनु पर्ने ।

७.५.१.९ आत्मनिर्भर हुने खालको दिगो आर्थिक विकास गर्न सरकारले आवश्यक सहयोग गर्नु पर्ने । तामाङ समुदायको आर्थिक विकास एवं सशक्तिकरण गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा लगानी बोर्ड गठन गरी आर्थिक विकासका योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न पहल गर्ने ।

७.५.१.१० तामाङ समुदायको दक्षता र क्षमतालाई वृद्धि गर्दै यिनीहरुको प्रत्यक्ष सहभागितामा राष्ट्रिय विकासको योजना बनाई कार्यान्वयन गर्न पहल गर्ने ।

७.५.१.११ सामाजिक समावेशीकरणको नीति, सोच तथा कार्यक्रमहरुलाई व्यवहारमा उतार्नु पर्ने ।

७.५.१.१२ तामाङ समाजमा रहेका चेलीवेटी वेचविखन जस्ता अमानवीय कार्य विरुद्ध जनचेतना फैलाई महिलाहरुको लागि रोजगारीमूलक कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको आर्थिक सशक्तिकरण गर्न पहल गर्ने ।

**७.५.२ सामाजिक, साँस्कृतिक, साहित्य, कला, परम्परागत सीप, ज्ञान, बिज्ञान, दर्शन धर्म, भाषा, लिपि, सँस्कार-सँस्कृति आदि सम्बन्धि अभियानहरुः**

**अन्तराष्ट्रिय स्तरमाः**

७.५.२.१ सबै खालका विकासे कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दा सम्बन्धित देशको सँस्कार सँस्कृतिलाई समेट्नु पूर्व शर्तको रुपमा लिनु पर्ने ।

७.५.२.२ युनेस्कोको साँस्कृतिक विविधता विषयक विश्वव्यापी घोषणापत्रको कार्य योजना कार्यान्वयन गर्नु पर्ने ।

७.५.२.३ युनेस्कोले लोपोन्मुख भाषा, शिक्षा एवम् विश्व सम्पदामा परेका आदिवासी स्थानहरु समावेश गर्न, आदिवासीसँग सम्बन्धित कार्यहरुलाई लागु गर्न गराउन पहल गर्ने ।

७.५.२.४ तामाङको अधिकारमुखी विकासको अवधारणाबाट काम गराउन अन्तराष्ट्रिय तहबाटै स्रोत साधन जुटाउने ।

७.५.२.५ तामाङ समाजको ज्ञान, बिज्ञान, दर्शन, सँस्कार सँस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न विभिन्न अन्तराष्ट्रिय संघ संस्थासँग तत्काल सम्बन्ध विस्तार गरी यसको विकासको लागि गुरु योजना तयार गर्ने ।

७.५.२.६ तामाङ ज्ञान, बिज्ञान, दर्शन र सँस्कृतिमा संरक्षित रहेका विषय वस्तु (भौतिक वा अभौतिक) लाई कसैले आफ्नो नवीन सोच वा आविष्कार हो भनि आफ्नो स्वामित्व दावी गर्ने प्रवृतिबाट जोगाउन तामाङ जातिले तिनको पूँजीकरण गर्ने र त्यसको स्वामित्व संरक्षित गर्ने ।

७.५.२.७ बौद्धिक ज्ञानको प्रतिलिपि अधिकार दिनु पूर्व जाति विशेषको सँस्कृति प्रचलन वा सम्पत्ति भए नभएको आवश्यक अनुसन्धान पछि मात्र दर्ता गर्ने परिपाटी बसाल्न अन्तराष्ट्रिय तथा राष्ट्रिय रुपमा दवाव दिने ।

७.५.२.८ बुद्धको जन्मस्थान लुम्बिनी लाई पर्यटन विकाससंग जोडन अन्तराष्ट्रिय स्तरमा सहयोग जुटाई तामाङ समाजको विकास गर्न ।

**राष्ट्रिय स्तरमाः**

७.५.२.९ भाषा, ज्ञान, बिज्ञान, दर्शन, सँस्कृति, सँस्कार, जनसंख्या, ऐतिहासिक महत्व तथा निरन्तरताको आधारमा तामाङ भूमिको नामाङ्कन तथा सीमांकन गरी तामाङ जातिको स्व-विकासको लागि अन्तराष्ट्रिय कानुन तथा महासन्धिहरुको प्रावधानलाई आधार मानी आत्म-निर्णयको अधिकारको भरपुर उपयोग गर्दै अगाडि बढ्ने ।

७.५.२.१० ILO महासन्धि नं १६९ र UNDRIP लाई नेपाल सरकारले पारित गरेको पाँच वर्ष भन्दा बढी समय विते पनि सरकारले यसको कार्यान्वयन गर्न कुनै चासो नदेखाएकोले तामाङ लगायत सबै आदिवासी जनजातिहरु, जनजाति प्रतिष्ठान, जनजाति महासंघ तथा सम्पूर्ण जातीय संगठनहरुले संयुक्त रुपमा यसको कार्यान्वयनका लागि दवावमूलक कार्यक्रम तुरुन्त सुरु गर्ने ।

७.५.२.११ तामाङ सँस्कृति एवम् परम्परा सम्बन्धि सरकारको कुनै स्पष्ट नीति नभएकोले कुनै जात, धर्म, सँस्कार विशेषलाइ राष्ट्रिय धर्म सँस्कृति मान्ने गलत परिपाटीको अन्त्य गरी नेपालको बहु-राष्ट्रिय एवम् बहु-साँस्कृतिक चरित्रलाई राष्ट्रले अवलम्वन गरी सबै जाति, भाषा, सँस्कृति, क्षेत्र, लिङ्गको समान विकास तथा समावेशी नीतिको व्यवस्था गरी कार्यान्वयन गर्ने ।

७.५.२.१२ तामाङ सँस्कार साँस्कृतिक सम्पदाहरु, गाऊँ, खोलानाला, पहाड, जाति आदिको तामाङ प्रथा-जनित राखेको नामहरु हिन्दु सँस्कार अनुसार अहिले व्यापक रुपमा परिवर्तन भएको छ, त्यसलाई सच्याई पुरानै नाम राख्न अधिकार सम्पन्न निकाय स्थापना गरी काम सुरु गर्ने ।

७.५.२.१३ तामाङको अधिकारमुखी विकासको अवधारणाबाट विभिन्न कामहरु सञ्चालन गर्न अल्प-कालिन, मध्य-कालिन र दीर्घ-कालिन योजना बनाई तामाङहरुसँग सरोकार राख्ने सरकारी, निजी तथा गैर-सरकारी संघ-सस्थाहरुबाट स्रोत साधन परिचालन गर्ने ।

७.५.२.१४ तामाङ समुदायको भेष-भुषालाई राष्ट्रिय पोषाकको रुपमा मान्यता दिलाउनको लागि जातीय तथा राष्ट्रिय स्तरमा सचेतनामुलक गोष्ठीहरु सञ्चालन गर्ने ।

७.५.२.१५ जैविक वस्तुहरुमा आधारित साँस्कृतिक ज्ञान पद्धतिहरुको संरक्षण र सम्वर्द्धन गर्न गराउन स्थानीय तहदेखि राष्ट्रिय तहसम्म कार्यक्रम सञ्चालन गर्ने ।

७.५.२.१६ तामाङहरुको साँस्कृतिक, ऐतिहासिक तथा अभौतिक सम्पदाहरुको पहिचान गरी सूचीकृत गर्ने ।

७.५.२.१७ तामाङ समुदायको भेष-भुषाहरु, नाच-गानहरुको संरक्षण तथा सम्वर्द्धन गर्न विभिन्न साँस्कृतिक समूह गठन गरी सहयोग गर्ने, आफ्नो सँस्कृति झल्कने जातीय संग्रहालयहरु स्थापना गरी व्यवस्थापन गर्ने ।

७.५.२.१८ तामाङ समुदायको मौखिक इतिहास/परम्परालाई खोजी त्यसको अभिलेखीकरण गर्न सहयोग गर्ने गराउने ।

७.५.२.१९ भाषा, सँस्कृति, सँस्कार तथा जातीय उत्थानका लागि संघ संस्थाहरुको स्थापना तथा दर्ता गर्दा तामाङहरुलाई प्रेरित गर्ने र सोको लागि सरकारी निकायहरुलाई संयुक्त दवाव दिने ।

७.५.२.२० निजी सरकारी, गैर सरकारी तथा वैदेशिक संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुमा तामाङ भाषालाई संचारको माध्यम बनाउन जोड दिने ।

७.५.२.२१ नेपालको सन्दर्भमा धर्म निरपेक्षताको व्यवहारिक कार्यन्वयनको लागि अहिलेको कानुनी व्यवधानहरु हटाउन सरकारसँग पहल गर्ने, नेपाल धर्म निरपेक्ष राज्य अन्तरिम संविधान २०६३ मा उल्लेख भईसकेको अवस्थामा पनि हालसम्म गाई काटेको अभियोगमा कतिपय तामाङ हरु कानुनी कारबाही भोगी रहेको स्थितिमा यसको निराकरण गर्न आवश्यक पहल गर्ने ।

७.५.२.२२ तामाङहरुको भाषा, ज्ञान, बिज्ञान, दर्शन, सँस्कृति, रहनसहन आदिलाई बचाउन स्वयंम आफै पनि संगठित र क्रियाशील रहन अभियान सञ्चालन गर्ने ।

७.५.२.२३ हामीले मान्दै आएको विभिन्न सँस्कृति-सँस्कार बारेमा इतिहासले के भन्छ ? स्वदेशी, विदेशी लेखक तथा अनुसन्धानकर्ताहरुले के भन्छ ? हामी कहाँ कुन कुन ऐतिहासिक दस्तावेजहरु छन् तिनिहरुको अध्ययन गरी हामी सबैको बुझाईका एकरुपता ल्याउने ।

७.५.२.२४ हाम्रो इतिहास एवं सँस्कृति बौद्ध परम्परामा आधारित भएकोले यसको संरक्षण तथा पुनः जीवित गराउन, बौद्ध शिक्षाको अध्ययन अध्यापन गराउन राज्यका तर्फबाट ठोस कार्यक्रम ल्याउन पहल गर्ने ।

७.५.२.२५ तामाङ-तामाङवीच राष्ट्रिय एवं अन्तराष्ट्रिय रुपमा नियमित सम्पर्क सम्बन्ध बढाउन साँस्कृतिक सञ्जाल बनाई आफ्नो सँस्कार सँस्कृति, भाषा, ज्ञान, बिज्ञान, दर्शन, धर्म र इतिहास बारे प्रचार प्रसार गर्ने ।

७.५.२.२६ तामाङ समुदाय सबैले हिन्दु धर्ममा आधारित दशैं नमानी त्यसको ठाउँमा ल्होछार एक भई मनाउने ।

७.५.२.२७ तामाङ समुदायका सस्कृतिका तीन धरोहर ताम्बा, बोन्बो र लामा संस्थालाई संरक्षण र सम्बर्द्धन गर्दै सम्पूर्ण सस्कार र सँस्कृति वहाँहरुको अगुवाईमा सञ्चालन गर्ने र यस प्रकारको ज्ञानहरुलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै जाने ।

७.५.२.२८ न्वारन लामा गुरुद्वारा नै गराउने र नाम जुराउदा बौद्ध सस्कृति अनुसार नाम राख्ने ।

७.५.२.२९ टिका लगाउदा सेतो प्रयोग गर्ने, तामाङ सँस्कार अनुसार कोकोम्हेन्दोको प्रयोग गर्ने ।

७.५.२.३० मृत्यू हुँदा कपाल नखौरने, सेतो लुगा नलगाउने र नुन नबार्ने ।

७.५.२.३१ घेवा गर्दा जाँड रक्सीको प्रयोग तथा तडक-भडक नगर्ने र कम खर्चमा गर्ने ।

७.५.२.३२ हाम्रो सँस्कार र सँस्कृतिलाई पूनः जीवित गर्न त्यसमा अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरुको खोजी गरी त्यसको वैज्ञानिक र व्यवस्थित अध्ययन र अनुसन्धान गर्ने वातावरण बनाउने ।

७.५.२.३३ राज्यका निकायहरु जस्तैः प्रज्ञा प्रतिष्ठान, सस्कृति मन्त्रालय, पुरातत्व विभाग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, विदेशस्थित सम्बन्धित निकाय आदिसँग सम्पर्क बढाई आफ्नो सँस्कार, परम्परालाई बचाउन र प्रवर्द्धन गर्न सहयोग जुटाई सहकार्य गर्ने ।

७.५.२.३४ त्यस्तै तामाङ समुदायको तर्फबाट पनि स्रोत र साधन जुटाई एक "अक्षय कोष" खडा गरी विश्व भरीबाट तामाङ सँस्कार र सँस्कृति वारे अध्ययन अनुसन्धानको कार्यलाई अगाडि बढाउने ।

७.५.२.३५ तामाङ जातिको इतिहास र सँस्कृति संरक्षण तथा प्रवर्द्धन गर्नका लागि खोजमुलक अध्ययन अनुसन्धान गरी लेख, रचना र पुरातात्विक महत्वका अभिलेखहरु प्रकाशित गरी तामाङ र गैर-तामाङहरुलाई पनि नियमित रुपमा जानकारी गराउन प्रचार प्रसार गर्ने ।

७.५.२.३६ तामाङको प्रथा-जनित कानुनलाई पहिला किटान गरी त्यसलाई कानुनी मान्यता दिन पहल गर्ने ।

७.५.२.३७ तामाङ संस्कार सँस्कृतिको जग ताम्बा, लामा र बोन्बोलाई सक्रिय बनाई विश्वभरी धार्मिक जागरण अभियान (ल्होछार तथा बौद्ध धर्म सम्बन्धि प्रवचन, अन्तरक्रिया कार्यक्रम आदि) सञ्चालन गरी बौद्ध धर्मप्रति आस्था एव विश्वास जगाउने ।

७.५.२.३८ तामाङहरुको ऐतिहासिक साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा भत्केको सम्पदाहरुको मर्मत एवम् जिर्णोदार गर्ने ।

७.५.२.३९ साँस्कृतिक जागरण अभियान सञ्चालन गर्न एक गाउँ-एक गुम्बा निर्माण वा ताम्बा वा बोन्बो संस्कारको प्रवर्द्धन एवम् विकास गर्ने र तामाङ सांस्कृतिक क्लवको विकास गर्ने ।

७.५.२.४० तामाङ संस्कार-सस्कृति तथा बुद्धको जन्मस्थान लुम्बीनी लाई पर्यटन विकाससंग जोडी सांस्कृतिक गाउँको रुपमा विकास गरी योजनावद्ध रुपमा आर्थिक सशक्तिकरण गर्ने ।

७.५.२.४१ हिन्दु धर्म र बौद्ध धर्ममा आधारित संस्कार-संस्कृति छुट्याई बौद्ध धर्ममा आधारित संस्कार-संस्कृतिलाई प्रवर्द्धन, विकास र व्यवहारमा उतार्ने ।

७.५.२.४२ तामाङ भाषाको तामयिग लिपिको विकास गरी सोको मानकीकरणमा जोड दिने, तामयिग लिपिमै शिक्षा दिने र यसलाई राष्ट्रिय तहमा प्रयोग गर्न स्तरीकरण गर्ने ।

७.५.२.४३ स्थानीय, राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा स्रोत-साधन परिचालन गरी तामाङ जातिको संघ संस्थाहरुलाई सजग र क्रियाशिल वनाई सम्वन्ध सम्पर्क विस्तार गर्ने गराउने ।

७.५.२.४४ तामाङ संघ संस्थाका पदाधिकारी तथा सदस्यहरुलाई तामाङ अधिकार र आदिवासी अधिकार (राष्ट्रिय एवम् अन्तराष्ट्रिय) वारे तालिम र ज्ञान दिलाई जागरुक वनाउने ।

७.५.२.४५ नेपाल तामाङ घेदुङले बि.सं २०५८ मा पारित गरेको र दोश्रो अन्तराष्ट्रिय तामाङ सम्मेलनले सन् २००५ मा पारित गरेका ***तामाङ संस्कार-संस्कृति निर्देशिका*** लाई अंग्रेजी र तामाङ भाषामा उल्था गरी यसको वारेमा अध्ययन गर्दै यसको व्यापक प्रचार-प्रसार गर्ने र यसमा लेखिएका कुराहरुलाई व्यवहारमा लागु गर्दै जाने । यो कामको लागि ***एक संस्कार-संस्कृति प्रवर्द्धन कोष*** खडा गर्ने ।

## अव आउने पाँच वर्षको अभियान/नाराः

***विश्वभरीका तामाङ पहिचान तथा राष्ट्रिय सम्मान !***
***अन्तराष्ट्रिय तामाङ परिषदमा को अभियान !!***

७.५.२.४६ नेपाल तामाङ घेदुङको पहलमा तामाङ पहिचान झल्कने सांस्कृतिक भवन निर्माण कार्यलाई आउने ५ वर्ष भित्र सम्पन्न गर्नको लागि सम्पुर्ण तामाङ समुदायले हर तरहले सहयोग गर्ने गराउने ।

७.५.२.४७ तामाङ तामाङ हरु बीच विभिन्न सूचना आदन-पदान गर्न सूचना तथा संचार केन्द्र र वेबसाइ स्थापना गर्ने ।

७.५.२.४८ तामाङ संस्कार-सस्कृति तथा पहिचान झल्कने थाङकाको प्रवर्द्धन एवं बिकास गरी तामाङहरुको आर्थिक सशक्तिकरण गर्ने ।

**८. अव आउने पाँच वर्ष भित्र अनिवार्यरुपले गर्नु पर्ने छ अभियानहरुः**

८.१ ***तामाङ संस्कार-संस्कृति निर्देशिकाको*** व्यापक प्रचार-प्रसार गरी तामाङ समुदाय वीच आफ्नो संस्कार-संस्कृतिको वारेमा जनचेतना बढाउने ।

**८.**२ राज्यका सम्वन्धित निकायहरु जस्तैः प्रज्ञा प्रतिष्ठान, सस्कृति मन्त्रालय, पुरातत्व विभाग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, विदेशस्थित सम्बन्धित निकाय आदिसँग सम्पर्क बढाई आफ्नो साहित्य, सँस्कार, परम्परालाई बचाउन र प्रवर्द्धन गर्न सहयोग जुटाई सहकार्य गर्ने ।

८.३ नेपाल तामाङ घेदुङको पहलमा नेपालमा तामाङ पहिचान झल्कने सांस्कृतिक भवन निर्माण कार्यलाई आउने ५ वर्ष भित्र सम्पन्न गर्नको लागि सम्पूर्ण तामाङ समुदायले हर तरहले सहयोग गर्ने गराउने ।

८.४ तामाङ सस्कृतिलाई पर्यटन विकाससंग जोडी सांस्कृतिक गाउँको रुपमा विकास गरी आर्थिक सशक्तिकरण गर्ने ।

८.५ तामाङहरुको ऐतिहासिक साँस्कृतिक सम्पदा (भौतिक र अभौतिक दुबै) हरुको संरक्षण तथा भत्केको सम्पदाहरुको मर्मत एवम् जिर्णोद्वार गर्ने ।

८.६ राष्ट्रिय साँस्कृतिक नीति निर्माणको पहल गर्ने ।

अन्त्यमा, माथि उल्लेखित योजना तथा कार्यक्रमहरुलाई अभियानको रुपमा विभिन्न देशका तामाङ संघ संस्थाहरुले आ-आफ्नो स्थानीय, राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेश र क्षमता अनुसार विज्ञहरुको कार्यदल वनाई, कार्ययोजना निर्माण, आर्थिक स्रोत-साधनको व्यवस्थापन, कार्यक्रम सञ्चालनको लागि आवश्यक संयन्त्रको विकास गरी लागु गर्नु जसको नियमन, अनुगमन तथा मुल्याङ्कन अन्तराष्ट्रिय तामाङ परिषदका साथै एक विशेष समिति बनाई नियमित रुपमा गर्नु पर्दछ । साथै आगामी ५ वर्षमा सवै देशहरुवाट के के काम सम्पन्न भयो वा हुदैछ त्यसको लिखित जानकारी अन्तराष्ट्रिय तामाङ परिषदमा नियमित रुपमा पठाउने र सम्पन्न कामहरुको प्रदर्शनी आउदो अन्तराष्ट्रिय तामाङ सम्मेलनमा गर्ने परम्परा वसाल्नु उपयुक्त हुनेछ ।

**कार्ययोजना निर्माण तथा काम सम्पन्न गर्नको लागि प्रयोग गर्न प्रस्तावित कार्यतालिकाः**

**कामको शिर्षकः १-६ माथि उल्लेखित भए अनुसार**

| क्र.सं | काम कसरी सम्पन्न गर्ने (How ?) | काम कहिले गर्ने (When ?) | काम गर्ने जिम्मेवारी व्यक्ति (Who ?) | कामको लागि लाग्ने लागत खर्च (Cost ?) |
|---|---|---|---|---|
| १ | प्रारम्भिक/योजना निर्माण चरण | | | |
| २ | कार्यन्वयनका चरण | | | |
| ३ | मूल्यांकन /अनुगमन चरण | | | |

***कार्यपत्रमाथी बन्द सत्रमा छलफल गर्दा:***

*अध्यक्ष: श्री डा. जस योन्जन प्यासी, (भारत)*
*सदस्य: श्री कुमार योन्जन, (भारत)*
*सदस्य: श्री सोम बहादुर गोले, सदस्य, (नेपाल)*
*सहजकर्ता: श्री डा. संगाम सिंह तामाङ, (नेपाल)*

**(१८ मार्च २०१३, काठमाण्डौ**